## मिति २०८२ श्रावण ३० गतेको ६१ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : बागमती प्रदेश सरकारलाई बधाई एवं सफल कार्यकालको शुभकामना प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. ३ : आ.व. २०८१/०८२ को खर्च प्रगति सार्वजनिक सम्बन्धमा।

प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ५ : आ.व. २०८१/०८२ को वार्षिक समिक्षा र सार्वजनिक सुनुवाई सम्बन्धमा।

प्रस्ताव नं. ६ : हालसम्मको बेरुजु सम्बन्धमा।

प्रस्ताव नं. ७ : करार कर्मचारी म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ८ : करारका कर्मचारी नियूक्ति अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ९ : स्थानीय दररेट सम्बन्धमा।

प्रस्ताव नं. १० : आ.व. २०८२/०८३ को योजना/कार्यक्रम संचालन सम्बन्धमा।

प्रस्ताव नं. ११ : HRDC संग सम्झौता गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १२ : वडामा भूमि सम्बन्धी समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. १३ : ढुङ्गा, गिटी, बालुवाको बिक्री ठेक्का सम्बन्धमा।

प्रस्ताव नं. १४ : राजस्व संकलनमा खटिने कर्मचारीलाई थप सेवा सुविधा प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १५ : अस्पताल संचालन सम्बन्धी प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं. १६ : कोसेली घर संचालन सम्बन्धमा।

प्रस्ताव नं. १७ : फोहोरमैला व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. १८ : परियोजना संचालनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १९ : राष्ट्रिय परिचयपत्र केन्द्र स्थापना सम्बन्धमा।

प्रस्ताव नं. २० : खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २१ : कबाडी कर संकलन सम्बन्धमा।

प्रस्ताव नं. २२ : विपद् व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. २३ : बजेट माग सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. ६१.१ : मिति २०८२ साउन २० गते गठित बागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय ईन्द्र बहादुर बानियाँज्यू सहित बागमती प्रदेश सरकारका सम्पूर्ण माननीय मन्त्रीज्यूहरु एवं बागमती प्रदेश सरकारलाई हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ६१.२ : नगर कार्यपालिकाको मिति २०८२/०३/२२ गतेको ६० औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६१.३ : मेलम्ची नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक आर्थिक प्रतिवेदन यस बैठक समक्ष जानकारी गराइयो। आ.व. २०८१/०८२ को श्रावण १ देखि २०८२ असार मसान्तसम्म चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ८४.६१ प्रतिशत र पूँजीगत तर्फ ६७.८४ प्रतिशत गरी समग्रमा ७५.९३ प्रतिशत ) विवरण सार्वजनिक गरियो। साथै, आर्थिक प्रशासन शाखासंग सम्बन्धित वार्षिक आर्थिक विवरण बैठक समक्ष पेश गरियो।

निर्णय नं. ६१.४ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो।

निर्णय नं. ६१.५: मेलम्ची नगरपालिका, अन्तर्गतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुबाट आ.व. २०८१/०८२ मा सम्पादन गरिएका कार्यहरुको वार्षिक समीक्षा एवं सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ भाद्र महिनाको तेश्रो हप्ता भित्र र नगरपालिकाले सम्पादन गरेको कार्यहरुको वार्षिक समीक्षा कार्यक्रम मिति २०८२ भाद्र २५ गते मेलम्ची नगरपालिकामा आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं. ६१.६: आ.व. २०८०/०८१ को वार्षिक लेखा परीक्षण गर्ने क्रममा महालेखा परीक्षकको कार्यालयबाट औंल्यइएका बेरुजुहरुको सम्बन्धमा यस बैठकमा जानकारी गराइयो। साथै, महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजहरुको फछ्र्यौट गरी सम्परीक्षण गर्नका लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

निर्णय नं. ६१.७ : मेलम्ची नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद मिति २०८२ असार मसान्तबाट समाप्त भएको र तत्तत् कर्मचारीहरुको कार्य सम्पादन सन्तोषजनक देखिएको हुँदा अनुसूची-२ मा उल्लिखित करार सेवाका कर्मचारीहरुको म्याद मिति २०८२ पौष मसान्तसम्म थप गर्ने तथा नेपाल सरकारद्धारा तोकिएको पद अनुसारको शुरु तलब तथा नियमानुसारको सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६१.८ : मेलम्ची नगरपालिकाबाट करार सेवामा नियुक्ति गरिएका देहाय बमोजिमका कर्मचारीरुको करार नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | नियुक्ति मिति |
|---|---|---|---|
| १ | सबुना गमाल | वातावरण निरिक्षक | २०८२/०४/०१ |
| २ | मथुरा चौलागाईं (सापकोटा) | कार्यालय सहयोगी | २०८२/०४/०८ |
| ३ | जानुका देवी अधिकारी (खड्का) | कार्यालय सहयोगी | २०८२/०४/०८ |
| ४ | सुजन तामाङ | कार्यालय सहयोगी | २०८२/०४/०८ |

निर्णय नं. ६१.९ : मेलम्ची नगरपालिकाको स्थानीय दररेट सिफारिस समितिबाट आ.व. २०८२/०८३ मा मेलम्ची नगरपालिका क्षेत्र भित्रका योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री, ज्याला, ढुवानी, कृषि बीउ विजन, वन पैदावार लगायतका वस्तुहरुको दररेट सिन्धुपाल्चोक जिल्ला दररेटमा उल्लेख भए बमोजिमको स्वीकृतिको लागि सिफारिस भई भएको हुँदा सिफारिस भई आए बमोजिमको जिल्ला दररेट स्वीकृत गरी लागु गर्ने निर्णय गरियो। साथै, जिल्ला दररेटमा नभएका सामग्रीहरुको सन्दर्भमा काठमाडौं जिल्ला दररेट वा अन्य सरकारी निकायले तोकेको दररेट प्रयोग गर्ने निर्णय गरियो।

निर्णय नं. ६१.१० : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका बोलपत्रको माध्यमबाट गर्नुपर्ने ठूला योजना एवं संघीय एवं प्रदेश सरकारबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदानका योजनाहरु २०८२ असोज मसान्त भन्दा अगाबै बोलपत्र आव्हान गर्ने व्यवस्थाको लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो। साथै, उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाको हकमा सम्बन्धित उपभोक्ता समितिले बेहोर्नुपर्ने १० प्रतिशत रकम विनियोजित बजेट रकम भित्रबाटै व्यवस्थापन गर्ने गरी योजना सम्झौता गर्ने र दिगो विकास योगदान बापत १ प्रतिशत रकम कट्टा गरी सम्बन्धित कोषमा दाखिला गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६१.११ : मेलम्ची नगरपालिका र विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (HRDC) को संयुक्त लागत साझेदारीमा मेलम्ची नगरपालिका भित्रका शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई उच्चस्तरीय स्वास्थ्य उपचार, पुनर्स्थापना लगायतका अपाङ्गता सम्बन्धी विशिष्ट सेवा प्रदान गर्ने सम्बन्धी कार्यक्रम संचालनका लागि मिति २०८२/०४/२८ (दर्ता नं. २७५ मिति २०८२/०४/२९) मा प्रस्तावना पत्र पेश गरेको हुँदा प्रस्तावना पत्र बमोजिमको कार्यक्रम संचालनका लागि बागमती प्रदेश सरकारको सर्शत कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) संचालनका लागि प्राप्त भएको बजेट रु. ३ लाख र मेलम्ची नगरपालिकाको आ.व. २०८२/०८३ को नगर सभाबाट अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन साझेदारी एवं अपाङ्गता सहायक सामग्री प्रदान शिर्षकमा विनियोजित बजेटमध्ये रु. २ लाख गरी जम्मा बजेट रु. ५ लाख मात्र मेलम्ची नगरपालिकाबाट खर्च बेहोर्ने र प्रस्तावना पत्रमा उल्लेख भएको कार्यक्रम संचालनका लागि नपुग थप रकम विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (HRDC) बाट बोहोर्ने गरी संयुक्त लागत साझेदारीमा अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्न HRDC संग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ६१.१२ : भूमिहीन, दलित, भूमिहीन सकुम्बासी र अव्यवस्थिथ बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ दफा ३ को उपदफा (२) मा स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर् तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउँन देहाय बमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने प्रावधन रहेको हुँदा उक्त कानूनी प्रावधान बमोजिम देहाय बमोजिमको समिति गठन गरी पेश गर्न नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल

(क) वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा सदस्यहरु – सदस्य

(ग) सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि – सदस्य

(घ) सम्बन्धित वडामा क्रियाशील भूमि र आवासको क्षेत्रमा काम गरिरहेका सघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना ) – सदस्य

(ङ) वडा सचिव – सदस्य सचिव

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

<u>निर्णय नं. ६१.१३ :</u> ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ को उपदफा (५) मा भएको कानूनी व्यवस्था बमोजिम यस नगरपालिकाबाट नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदी क्षेत्रबाट उत्खनन् गरी आ.व. २०८१/०८२ को असार मसान्तसम्म प्राविधिक प्रतिवेदन बमोजिम मौज्दात रहेका नदीजन्य पदार्थहरुको लिलाम बिक्रीको लागि मिति २०८२/०३/३२ मा दरभाउपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम मिति २०८२/०४/०८ मा दरभाउपत्र खोल्दा कुनै पनि दरभाउपत्रदाताबाट दरभाउपत्र पेश नभएको एवं ईन्द्रावती नदी किनारका विभिन्न क्रसर उद्योगको आसपासमा थुपारिएका नदीजन्य पदार्थहरुको मौज्दात नाँपजाँचमा केही त्रुटी भएको भनि विभिन्न क्रसर व्यवसायीले पुन: नाँपजाँचका लागि यस कार्यालयमा निवेदन पेश गरेको सन्दर्भमा नदीजन्य पदार्थको यथार्थ नाँपजाँचका लागि यस कार्यालयसंग दक्ष प्राविधिक र सोसंग सम्बन्धित इक्विप्मेन्टको अभावको कारण नदीजन्य पदार्थको एकिन मौज्दात निकाल्न कठिनाई भएको देखिन्छ।

त्यसैगरी, आ.व. २०८२/०८३ का लागि मेलम्ची नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, ढाँडखोला लगायतका नदी क्षेत्रबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निर्धारण गरेको क्षेत्र र परिमाणमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन् एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) का लागि मू.अ.कर बाहेक रु. २१,७८,२६,९४३।८१ (अक्षरुपी एक्काइस करोड अठहत्तर लाख छब्बीस हजार नौ सय त्रिचालिस रुपैयाँ पैसा एकासी मात्र ) अङ्कमा मिति २०८२/०३/३१ गते राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम उक्त बोलपत्र मिति २०८२/०४/२९ गते दिनको १:०० बजे खोल्दा कुनैपनि बोलपत्रदाताले बोलपत्र पेश गरेको देखिएन।

आ.व. २०८१/०८२ को असार मसान्तसम्म नदी किनारमा मौज्दात रहेको नदीजन्य पदार्थको लिलाम बिक्रीको लागि प्रकाशित सूचना बोजिमको दरभाउपत्र कुनै पनि दरभाउपत्रदाताले सकार नगरेको अवस्था र आ.व. २०८२/०८३ मा नदीजन्य पदार्थ उत्खनन् एवं बिक्रीका लागि प्रकाशित बोलपत्र सूचना बमोजिम कुनै पनि बोलपत्रदाताले बोलपत्र पेश नगरेकोले हालको प्रचलित कानूनी व्यवस्था बमोजिम ठेक्का व्यवस्थापनको लागि नगरपालिका क्षेत्र भित्रका क्रसर उद्योग आसपासमा मौज्दात रहेको नदीजन्य पदार्थको एकिन एवं प्राविधिक नाँपजाँचका लागि नापी कार्यालय, सिन्धुपाल्चोकमा अनुरोध गर्ने र पुन: नाँपजाँचबाट प्राप्त भएको प्राविधिक प्रतिवेदनले औंल्याएको परिमाण र IEE प्रतिवेदनले निर्धारण गरेको परिमाण दुबै परिमाणलाई जोडी आ.व. २०८२/०८३ को लागि ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन्/बिक्री ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६१.१४ : मेलम्ची नगरपालिका क्षेत्र भित्रको मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्खनन् भई हाल मौज्दात रहेको ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत प्राप्त हुने आन्तरिक राजस्व संकलनका लागि ठेक्का लाग्न नसकी मिति २०८२/०४/०४ गते देखि मेलम्ची नगरपालिका क्षेत्र भित्रका सिपाघाट, छापभञ्ज्याङ्ग, बाहुनेपाटी र मेलम्ची क्लष्टरमा कर्मचारी खटाई राजस्व संकलन हुँदै आएकोमा उक्त राजस्व संकलन कार्यमा चौबिसै घण्टा खटिनुपर्ने अवस्थाको कारण उक्त कार्यमा खटिने कर्मचारीहरुमध्ये निर्धारित क्षेत्र र काउण्टरमा बसी चौबिसै घण्टा खटिने कर्मचारीहरुलाई प्रति व्यक्ति प्रति दिन रु. १२००।– र कर संकलकको रुपमा खटिने कर्मचारीलाई प्रति व्यक्ति प्रति दिन रु. ६००।– का दरले थप हुने पारिश्रमिक एवं सेवा सुविधा कर्मचारी पारिश्रमिक शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६१.१५ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित १५ शैयाको अस्पताल भवन र मेलम्ची नगरपालिका वडा नं. ३ थालेखेत स्थित नवनिर्मित आधारभूत अस्पताल भवनमा स्वास्थ्य सेवा संचालन गर्न आवश्यक चिकित्सकीय तथा व्यवस्थापन सम्बन्धी सामग्री, जनशक्ति व्यवस्थापन र न्यूनतम सेवा मापदण्ड सम्बन्धि अध्ययन एवं स्वास्थ्य सेवा संचालन गर्नको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि सम्बन्धित स्थानको वडा अध्यक्षको अध्यक्षतामा समिति गठन भएकोमा उक्त समितिबाट अध्ययन गरी पेश भएको प्रतिवेदन यस कार्यपालिका बैठक समक्ष छलफल गरी जानकारी गराइयो । साथै, अध्ययन समितिबाट पेश भएको प्रतिवेदन बमोजिम तत्तत् स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सेवा संचालन गर्न आवश्यक चिकित्सकीय र जनशक्ति व्यवस्थापन, स्वास्थ्य संस्था संचालनका लागि आवश्यक जिन्सी सामग्री व्यवस्थापनका लागि बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६१.१६ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजारमा निर्माण भएको कोशेली घरमा नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा उत्पादन भएका स्थानीय सामग्रीहरुको बेचबिखन गर्ने गरी संचालन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६१.१७ : मेलम्ची नगरपालिका क्षेत्र भित्रका बजारहरुबाट उत्पादन/संकलन हुने फोहोरमैलाको दीगो र वातावरणमैत्री व्यवस्थापनको लागि नगरपालिका अन्तर्गतका सबै वडाहरुलाई १५ दिन भित्र वडा भित्रको फोहोरमैला व्यवस्थापनको कार्ययोजना पेश गर्न निर्देशन गर्ने निर्णय गरियो। साथै, उक्त वडा समितिबाट प्राप्त भएको प्रतिवेदनको अध्ययन गरी समग्र नागरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## तपसिल

(१) नगर प्रमुख श्री आइतमान तामाङ – संयोजक

(२) उपप्रमुख श्री उमा प्रधान – सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत श्री निमेष मिश्र – सदस्य

(४) वडा नं. १, ६, ७, ११, १२ र १३ का वडा अध्यक्ष – सदस्य

(५) क.अ. श्री जयराम घोरासेनी – सदस्य

(६) वातावरण निरिक्षक श्री सबुना गमाल – सदस्य सचिव

निर्णय नं. ६१.१८ : तेर्गर च्यारिटी नेपालको मिति २०८२/०३/२२ गतेको पत्रबाट यस सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. ६ (साविक तालामाराङ गा.वि.स. वडा नं. ३) स्थित उक्त संस्थाको नाममा रहेको जग्गामा तेर्गर स्कूल योल्मो निर्माण परियोजना अन्तर्गत निर्माण गरिने गोम्पा, उपचार केन्द्र, भिक्षु निवास तथा पाहुना घरको निर्माण गर्ने र आवश्यक फर्निचर समेत जडान गर्नका लागि तेर्गार स्कूल योल्मो निर्माण परियोजना संचालनका लागि सहमति माग भएको हुँदा मेलम्ची नगरपालिकासंग प्रत्यक्ष समन्वय गरी उक्त परियोजना संचालनका लागि तेर्गर च्यारिटी नेपाल (TERGAR CHARITY NEPAL) लाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६१.१९ : मेलम्ची नगरपालिकामा राष्ट्रिय परिचयपत्र केन्द्र स्थापनाका लागि NT Fiber आवश्यक पर्ने भएकोले NT Fiber यस नगरपालिका क्षेत्रमा विस्तार गर्नका लागि सूचना तथा संचार मन्त्रालय र नेपाल टेलिकमलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६१.२० : मेलम्ची नगरपालिकाको आ.व. २०८२/०८२ को अनुसूची-३ मा उल्लिखित वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६१.२१ : मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको करको दर र व्यवस्था बमोजिम मेलम्ची नगरपालिका क्षेत्रबाट बिक्री/निकासी हुने कबाडीजन्य वस्तुहरुको कबाडी कर (आन्तरिक राजस्व) संकलनका लागि सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ६१.२२ : मेलम्ची नगरपालिका वडा नं. ४ स्थित पाटीभञ्जयाङ्गमा मध्यपहाडी लोकमार्ग निर्माण गर्ने क्रममा पहिरो गई पहिरोको कारण विस्थापित एवं जोखिममा रहेका ७ (सात) घर परिवारलाई भूगर्भविद् मार्फत अध्ययन गराई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने सम्बन्धमा र मेलम्ची नगरपालिका वडा नं. १ स्थित जलेश्वरी आधारभूत विद्यालयमा तारबार लगाउने र उक्त विद्यालयमा

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

पहिरोको जोखिमको कारण भूगर्भविद्बाट अध्ययन गराई प्रतिवेदन पेश गर्न वन, वातावरण तथा विपद् व्यवस्थापन शाखालाई निर्देशन गर्ने निर्णय गरियो । साथै, माथि उल्लिखित स्थानका पहिरो प्रभावित व्यक्तिहरुलाई अस्थायी आवास अनुदान मापदण्ड, २०८१ मा भएको व्यवस्था बमोजिम लाभग्राही कायम गर्न सिफारिस गर्ने र उक्त स्थानमा भूगर्भविद् सहितको प्राविधिक टोलीबाट अध्ययनका लागि जिल्ला विपद् व्यवस्थापन समिति हुँदै राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, र गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६१.२३ : मेलम्ची नगरपालिका र जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकको संयुक्त लागत साझेदारीमा आ.व. २०८२/०८३ मा निर्माण गर्ने गरी मेलम्ची नगरपालिका वडा नं. १० स्थित देहाय बमोजिमका योजनाहरु निर्माणका लागि बजेट माग भएको हुँदा उक्त योजनाहरु निर्माण गर्नको लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | माग गरिएको बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | शिखरपुर स्वास्थ्य चौकी भवन | २० लाख | |
| २ | माथिल्लो क्यामुने खानेपानी योजना | १० लाख | |
| ३ | बुकुने गैरी खानेपानी योजना | ५ लाख | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची - १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगर कार्यपालिकाको मिति २०८२/०४/३० बैठकमा फरफारकको लागि पेश गरिएको प्रतिवेदन

| क.सं. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेन्जेन्सी सहित) | खरिद प्रक्रिया | भएका कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | तालामाराङ मानेभञ्याङ्ग बतासे सडक खण्ड पहिरो संरक्षण | ८४७२१५।३० | ९४१३५।०३ | ६ | प्राविधिक मूल्याङ्कन बमोजिम | उपभोक्ता समिति | सडक संरक्षणका लागि ग्याबिन वाल लगाउने कार्य |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

# अनुसूची - २

## मेलम्ची नगरपालिका र अन्तर्गतका करार/ज्यालादारी कर्मचारीहरुको विवरण

| क.सं. | कर्मचारीको नाम, थर | पद | तह | कार्यालय |
|---|---|---|---|---|
| (क) नगरपालिका र अन्तर्गतको वडा कार्यालय तर्फ : | | | | |
| १ | तिलक बस्नेत | ईन्जिनयर | अधिकृत छैठौं | मेलम्ची न.पा.पूर्वाधार शाखा |
| २ | राजु दंगाल | ईन्जिनयर | अधिकृत छैठौं | मेलम्ची न.पा. पूर्वाधार शाखा |
| ३ | अर्पना श्रेष्ठ | सू.प्र.अ. | अधिकृत छैठौं | मेलम्ची न.पा. सू.प्र.शाखा |
| ४ | अञ्जना कार्की | ईन्जिनियर | अधिकृत छैठौं | मेलम्ची न.पा. वा. तथा विपद् |
| ५ | रञ्जन श्रेष्ठ | रोजगार संयोजक | अधिकृत छैठौं | मेलम्ची न.पा. प्रधानमन्त्री रोजगार |
| ६ | आदेश रानामगर | पशु चिकित्सक | अधिकृत छैठौं | मेलम्ची न.पा. पशु सेवा शाखा |
| ७ | राजेन्द्र दुलाल | ना.सु. | सहायकस्तर पाँचौ | मेलम्ची न.पा. राजश्व शाखा |
| ८ | मधुविलाश देवकोटा | सहायकस्तर पाँचौ | | मेलम्ची न.पा. वडा नं. १२ |
| ९ | उमेशकुमार घोरासैनी | सहायकस्तर चौथों | | मेलम्ची न.पा. वडा नं. १३ |
| १० | मिन बहादुर देउजा | सहायकस्तर चौथों | | मेलम्ची न.पा. वडा नं. ६ |
| ११ | उद्धव गुरुङ | सहायकस्तर चौथों | | मेलम्ची न.पा. वडा नं. ३ |
| १२ | जयराम घोरासैनी | कम्प्युटर अपरेटर | सहायक पाँचौं | मेलम्ची न.पा. जिन्सी शाखा |
| १३ | अस्मिता अर्याल | न्यायिक सहजकर्ता | सहायक पाँचौं | मेलम्ची न.पा. न्यायिक समिति |
| १४ | गिता चौलागाईं | एम.आइ.एस. अपरेटर | सहायक पाँचौं | मेलम्ची न.पा. वडा नं. २ |
| १५ | माधव दुलाल | एम.आइ.एस. अपरेटर | सहायक पाँचौं | मेलम्ची न.पा. |
| १६ | मीनु कुमारी तामाङ | रोजगार सहायक | सहायक पाँचौ | मेलम्ची न.पा |
| १७ | सन्तोष थापा | सव इन्जिनयिर | सहायक पाँचौं | मेलम्ची न.पा. प्रधानमन्त्री रोजगार |
| १८ | शंकर गिरी | सव इन्जिनयिर | सहायक पाँचौं | मेलम्ची न.पा. भवन शाखा |
| १९ | सुजन श्रेष्ठ | सव इन्जिनयिर | सहायक पाँचौं | मेलम्ची न.पा. पूर्वाधार शाखा |
| २० | विनोद तामाङ (पाखिन) | पशु प्राविधिक | सहायक पाँचौं | मेलम्ची न.पा. पशु सेवा शाखा |
| २१ | सुरेश नेपाल | अमिन | सहायक चौथो | मेलम्ची न.पा. भवन शाखा |
| २२ | मानकाजी तामाङ | निजी सचिव | सहायक चौथो | नगर प्रमुखको सचिवालय |
| २३ | अम्बिका डोटेल | निजी सचिव | सहायक चौथो | उपप्रमुखको सचिवालय |
| २४ | सरिता विश्वकर्मा | उद्यम सहजकर्ता | सहायक चौथो | मेलम्ची न.पा. उद्यम विकास शाखा |
| २५ | कल्पना जिम्बा | उद्यम सहजकर्ता | सहायक चौथो | मेलम्ची न.पा. उद्यम विकास शाखा |
| २६ | सरिता डोटेल | पोषण सहजकर्ता | सहायक चौथो | मेलम्ची न.पा. बहुक्षेत्रीय पोषण |
| २७ | कृतिका बस्नेत | सहायक क.अ. | सहायक चौथो | मेलम्ची न.पा. योजना शाखा |
| २८ | दिनेश सिग्देल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ४ |
| २९ | दिपक थापा | ना.प.स्वा.प्रा. | सहायक चौथो | मेलम्ची न.पा. पशु सेवा शाखा |
| ३० | पविन गिरी | ना.प.स्वा.प्रा. | सहायक चौथो | मेलम्ची न.पा. पशु सेवा शाखा |
| ३१ | चेत प्रसाद घोरासैनी | ना.प.स्वा.प्रा. | सहायक चौथो | मेलम्ची न.पा. पशु सेवा शाखा |
| ३२ | पार्वती कुमारी खनाल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. भवन शाखा |
| ३३ | रमा लामिछाने | ना.प्रा.स. | सहायक चौथो | एकिकृत सेवा केन्द्र (कृषि) |
| ३४ | सागर दाहाल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ५ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | सागर नेपाल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ३ |
| ३६ | सिर बहादुर दोङ | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. १ |
| ३७ | महेश लामिछाने | कृषि स्नातक | अधिकृतस्तर छैठौं | मेलम्ची न.पा. |
| ३८ | रुपक राउत | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ९ |
| ३९ | अविन सिग्देल | सहायक क.अ. | सहायक चौथो | मेलम्ची न.पा. आ.प्र.शा. |
| ४० | जगत बहादुर अधिकारी | ह.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४१ | रामचन्द्र सापकोटा | भा.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४२ | प्रकाश खतिवडा | ह.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४३ | लक्ष्मण सापकोटा | ह.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४४ | युवराज गिरी | भा.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४५ | अम्बिका दुलाल | स.क.अ | सहायक चौथो | मेलम्ची न.पा. |
| ४६ | टिकादत्त दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४७ | बाटु दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४८ | रमेश चौलागाईं | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १ |
| ४९ | शिव बहादुर थापा | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ५० | सुस्मिता राई तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ५१ | सोममाई तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ५२ | अमृता चौलागाईं | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १३ |
| ५३ | डिल्ली प्रसाद सिग्देल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ४ |
| ५४ | डोल कुमारी तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. २ |
| ५५ | निर्मला कुमारी वि.क. | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. एकिकृत सेवा केन्द्र |
| ५६ | दिलिप तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ५ |
| ५७ | बाल सुन्दर थापा | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ६ |
| ५८ | विष्णु भारती | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ७ |
| ५९ | राजकुमार सार्की | चौकीदार | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ६० | रोशन तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ३ |
| ६१ | तुल कुमारी धिताल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १२ |
| ६२ | गोविन्द गिरी | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ८ |
| ६३ | सुमित्रा अधिकारी | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १० |
| (ख) स्वास्थ्य तर्फ : | | | | |
| ६४ | डा. सोनाली बाँसकोटा | एम.डि.जि.पी. चिकित्सक | अधिकृत नवौं | मेलम्ची नगर अस्पताल |
| ६५ | नितेश कुमार लाभ कर्ण | ऐनेस्थेसिया असिस्टेन्ट | सहायक पाँचौं | मेलम्ची नगर अस्पताल |
| ६६ | सरिता चौलागाई | अ.हे.ब | सहायक चौथो | गिरानचौर स्वास्थ्य ईकाई |
| ६७ | ईन्द्रिका खड्का | अ.हे.ब. | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ६८ | जिवन कुमार खाती | अ.हे.ब. | सहायक चौथो | क्यौरानी स्वास्थ्य ईकाई |
| ६९ | दिपा विष्ट | अ.हे.ब. | सहायक चौथो | ज्यामिरे स्वास्थ्य चौकी |
| ७० | सबिना तामाङ | अ.हे.ब. | सहायक चौथों | भोटेचौर स्वास्थ्य चौकी |
| ७१ | सुमित्रा तामाङ | अ.हे.ब. | सहायक चौथों | भोटेचौर शहरी स्वास्थ्य केन्द्र |
| ७३ | रिता तामाङ | अ.हे.ब. | सहायक चौथो | तालामाराङ स्वास्थ्य चौकी |

| | | | | |
|---|---|---|---|---|
| ७४ | रिता सापकोटा | अ.हे.ब. | सहायक चौथो | थकनी स्वास्थ्य चौकी |
| ७५ | रेनुका पण्डित | अ.हे.ब. | सहायक चौथो | शिखरपुर स्वास्थ्य चौकी |
| ७६ | रोशन श्रेष्ठ | अ.हे.ब. | सहायक चौथो | सुनखानी शहरी स्वास्थ्य केन्द्र |
| ७७ | विष्णु रायमाझी | अ.हे.ब. | सहायक चौथो | सिन्धुकोट स्वास्थ्य चौकी |
| ७८ | सुवाष नेपाल | अ.हे.ब. | सहायक चौथो | मेलम्ची न.पा. स्वास्थ्य शाखा |
| ७९ | दिपा नेपाल | अ.हे.ब. | सहायक चौथो | गिराञ्चौर शहरी स्वास्थ्य केन्द्र |
| ८० | जमुना तामाङ | अ.न.मी. | सहायक चौथो | निबुगाउँ स्वास्थ्य इकाई |
| ८१ | कुसुम बोहरा | अ.न.मी. | सहायक चौथो | सुनखानी शहरी स्वास्थ्य चौकी |
| ८२ | गोमा कुमारी कार्की | अ.न.मी. | सहायक चौथो | फटकशिला स्वास्थ्य चौकी |
| ८३ | मिना श्रेष्ठ | अ.न.मी. | सहायक चौथो | दुवाचौर स्वास्थ्य चौकी |
| ८४ | यमुना दाहाल | अ.न.मी. | सहायक चौथो | शिखरपुर स्वास्थ्य चौकी |
| ८५ | शारदा ओलिया | अ.न.मी. | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ८६ | सम्झना बञ्जारा | अ.न.मी. | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ८७ | सिता चौलागाईं | अ.न.मी. | सहायक चौथो | एकिकृत सेवा केन्द्र पिप्ले |
| ८८ | सुनिता बानियाँ | अ.न.मी. | सहायक चौथो | कटुन्जे शहरी स्वास्थ्य चौकी |
| ८९ | सुष्मा स्याङ्बो | अ.न.मी. | सहायक चौथो | भोटेचौर शहरी स्वास्थ्य केन्द्र |
| ९० | रिता आचार्य | अ.न.मी. | सहायक चौथो | हैबुङ् स्वास्थ्य चौकी |
| ९१ | स्नेहा तामाङ | अ.न.मी. | सहायक चौथो | तालामाराङ स्वास्थ्य चौकी |
| ९२ | गायत्री भुजेल | ल्याब असिस्टेन्ट | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ९३ | अनिता तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | गिराञ्चौर शहरी स्वास्थ्य केन्द्र |
| ९४ | अमृत तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | तालामाराङ स्वास्थ्य चौकी |
| ९५ | आइतरानी तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | दुवाचौर स्वास्थ्य चौकी |
| ९६ | कमली तिवारी | कार्यालय सहयोगी | श्रेणी विहिन | शिखरपुर स्वास्थ्य चौकी |
| ९७ | गोमा पण्डित | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची नगर अस्पताल |
| ९८ | गौरी के.सी. | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची नगर अस्पताल |
| ९९ | चण्डिका लामिछाने | कार्यालय सहयोगी | श्रेणी विहिन | भोटेचौर स्वास्थ्य इकाई |
| १०० | जुनुमायाँ तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | निबुगाउँ स्वास्थ्य इकाई |
| १०१ | तिल कुमारी दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | हैबुङ् स्वास्थ्य चौकी |
| १०२ | फुलमायाँ तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | कटुञ्जे शहरी स्वास्थ्य केन्द्र |
| १०३ | फुलमायाँ तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | सुनखानी शहरी स्वास्थ्य चौकी |
| १०४ | बिमला घोरासैनी | कार्यालय सहयोगी | श्रेणी विहिन | फटकशिला स्वास्थ्य चौकी |
| १०५ | रन्जना गिरी | कार्यालय सहयोगी | श्रेणी विहिन | क्यौरानी स्वास्थ्य ईकाई |
| १०६ | राम प्रसाद दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची नगर अस्पताल |
| १०७ | लक्ष्मी गिरी | कार्यालय सहयोगी | श्रेणी विहिन | ज्यामिरे स्वास्थ्य चौकी |
| १०८ | सुनिता तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | बाँसवारी स्वास्थ्य चौकी |
| १०९ | महेन्द्र अधिकारी | डोजर अपरेटर | श्रेणी विहिन | मेलम्ची नगरपालिका |
| ११० | महेश लामिछाने | कृषि प्राविधिक | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| १११ | सुरेश बहादुर तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | थकनी स्वास्थ्य चौकी |
| ११२ | इन्दिरा आचार्य | कार्यालय सहयोगी | श्रेणी विहिन | सिन्धुकोट स्वास्थ्य चौकी |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक

| | | | | |
|---|---|---|---|---|
| ११३ | कान्छी कुमारी तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | जरायोटार आयुर्वेद औषधालय |
| ११४ | कमल प्रसाद धिताल | कार्यालय सहयोगी | श्रेणी विहिन | जरायोटार आयुर्वेद औषधालय |
| ११५ | गोमा चौलागाई | अ.हे.ब | सहायक चौथो | सिन्धुकोट स्वास्थ्य केन्द्र |
| ११६ | गणेश ढकाल | फिजियोथेरापिष्ठ | अधिकृत छैठौं | मेलम्ची नगरअस्पताल |
| ११७ | मोनिका अर्याल | मनोसामाजिम परामर्शकर्ता | सहायक पाँचौ | मेलम्ची नगरअस्पताल |
| ११८ | रमिता लामा | क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक | अधिकृत छैठौ | जनस्वास्थ शाखा |
| ११९ | निमा शेर्पा | स्टाफ नर्स | सहायक पाँचौ | मेलम्ची नगरअस्पताल |
| १२० | विन्दा अर्याल | अ.न.मि. | सहायक चौथो | सिन्धुकोट स्वा.केन्द्र |
| १२१ | विना चापागाई | अ.न.मि. | सहायक चौथो | सिन्धुकोट स्वा.केन्द्र |
| १२२ | पूर्णिमा कुमारी वली | अ.न.मि. | सहायक चौथो | थकनी स्वा.केन्द्र |
| (ग) दैनिक ज्यालादारी तर्फ : | | | | |
| १२३ | मणिराज दुलाल | फिल्ड सुपरभाइभर | सहायक चौथो | मेलम्ची नगरपालिका |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल